'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ४० शुक्रबार १८ असोज, २०८१ 04 (Friday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### कोहलपुर बाणिज्य संघको निर्वाचन

## दुई समूहको मात्र समूहगत प्रतिस्पर्धा हुने निश्चित






भीम रावत

कोहलपुर, असोज/१७

आगामी कार्तिक ३ गते हुन गैरहेको कोहलपुर उद्योग बाणिज्य संको निर्वाचनमा यस क्षेत्रका ब्यापारीहरु दुई समूहमा बिभाजीत भएर चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । लोकतान्त्रि समावेशी व्यवसायी समूहको नेतृत्व नेपाली काँग्रेस आवद्ध प्रदिप कुमार भट्टराईले गरेका छन् भने प्रगतिशील समूहको नेतृत्व नेकपा एमाले आवद्ध अन्जना धितालले गरेकि छन् । धिताल कोहलपुर उद्योग बाणिज्य संघको इतिहास मै पहिला अध्यक्षको रुपमा उम्मेद्वार बनेकी हुन । निर्वाचन तालिका अनुसार बिहिबार दुबै समूहको उम्मेद्वारी दर्ता गरिएको छ । समुहगत बाहेक अन्य कसैले पनि उम्मेद्वारी दर्ता गरेनन् । प्रदिप भट्टराइ नेतृत्वको लोकतान्त्रिक समूहमा बरिष्ठ उपाध्यक्षमा चण्डी प्रसाद गैरे, उद्योग तर्फको उपाध्यक्षमा हरिशरण केसी, बस्तुगत तर्फको उपाध्यक्षमा राकेश बिष्ट, महासचिवमा दिपक बहादुर भण्डारी, उपमहासचिवमा राज कुमार पौडेल, कोषाध्यक्षमा भूमिराज कंडेल, र सह कोषाध्यक्षमा देविलाल सुनारले उम्मेद्वारी दर्ता गरेका छन् । त्यस्तै महिला सदस्यहरुमा सिता योगी अधिकारी र ममता थापा, खुला सदस्यहरुमा श्रीधर घिमिरे,अमित पौडेल, किरण श्रेष्ठ । किरण बि.क., गिरीधारी शर्मा, गौरब श्रेष्ठ, नोखराज रावत, भुप बहादुर भण्डारी तथा एशोशिएट सदस्यमा राजेन्द्र प्रसाद रिजालको उम्मेद्वारी दर्ता भएको छ । त्यस्तै प्रगतिशील व्यावसायी समूहको तर्फबाट अन्जना धितालको नेतृत्वमा वरिष्ठ उपाध्यक्षमा भुपेन्द्र प्रसाद काफ्ले, उद्योग तर्फको उपाध्यक्षमा अर्जुन प्रसाद सुवेदी, बस्तुगत तर्फको उपाध्यक्षमा रुपक कुमार भूजेल, महासचिवमा दिपक अर्याल,उपमहासचिवमा गोपाल प्रसाद अधिकारी, कोषाध्यक्षमा गंगा कुमारी बगाले, र सह कोषाध्यक्षमा टंक प्रसाद खनालले उम्मेद्वारी दर्ता गरेका छन् ।

बाँकी ३ पेजमा...

## परीक्षा नियन्त्रण कार्यालयको प्रशासनिक भवन उद्घाटन




नमस्ते समचारदाता

कोहलपुर, असोज/१७

कोहलपुरमा त्रिभुवन विश्वविद्यालयको क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयको आफ्नै प्रशासनिक भवनको उद्घाटन भएको छ। कोहलपुर नगरपालिका वडा न. २ मा नवनिर्मित भवनको बिहिबार त्रिभुवन विश्व विद्यालयका उपकुलपति केसर जंग बरालले उद्घाटन गरेका हुन । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका बरालदे त्रिभूवन विश्व विद्यालय अन्तरगत आवद्दता रहेका लुम्बिनी प्रदेशका ६ जिल्ला र कर्णाली प्रदेशका १० जिल्ला अन्तरगतका क्याम्पसहरुमा अध्ययन गर्ने विद्यार्थिहरुले आफ्ना ट्रान्सक्रिट तथा माइग्रेशन लिन काठमान्डौं सम्म धाउनु पर्ने परिस्थितिको अन्त्य भएको बताए । 'हामी आफ्नै प्रशासनिक भवनबाट सम्पूर्ण सेवा दिने अवस्थामा छौं । यसबाट यस क्षेत्रमै विश्व विद्यालयको प्रभावकारीता वृद्दि हुने विश्वास लिएका छौं'। भवन उद्घाटन कार्यक्रमको सञ्चालन क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय कोहलपुरका प्रशासनिक प्रमुख प्रमुख भद्र बहादुर थापाले गरेका थिए ।




## कालिकोटको सडक कालोपत्रे: चार वर्षमा ३५ प्रतिशत मात्र काम

नमस्ते समचारदाता

कालीकोट, असोज/१७



कालीकोटको रास्कोट नगरपालिकाको मूल सडक कालोपत्रे चार वर्ष बित्दा समेत आधा पनि काम हुन सकेको छैन । निर्माण सम्झौताको चार वर्ष बित्नै लाग्दा समेत ३५ प्रतिशत मात्र काम भएको छ । नगरपालिका भित्रको मूल सडक मध्ये ११ दशमलव ५ किलोमिटर सडक कालोपत्रे गर्ने भनेर २०७८ साल असार ३ गते ठेक्का सम्झौता भएको थियो । कर्णाली सरकारको लगानीमा रास्कोट नगरपालिकाको मूल सडक कालोपत्रे गर्न ठेक्का भए पनि निर्माण जिम्मा लिएको केएस शनिदेव जेभि कञ्चनपुरले सडक कालोपत्रेको काममा ढिलासुस्ती गर्दा स्थानीयवासीले सास्ती खेप्नु बाध्य भएका छन् । उक्त आयोजना सम्पन्न गर्नका लागि ३८ करोड ४९ लाख ५७ हजारमा लागत अनुमान गरिएको थियो । तर निमार्ण कम्पनीले २५ करोड ५५ लाखमा सम्झौता गरेको छ । हेरिरहेको पूर्वाधार विकास कार्यालयका इन्जिनियर लक्ष्मणप्रसाद पाण्डेले सुरुमा पेस्की बापत ४ करोड ४० लाख लिएर काम सुरु गरेको बताउनुभयो । हाल ३५ प्रतिशत काम भएको देखिन्छ । त्यसका लागि सम्झौता लागत मध्यबाट १२ करोडको आसपासमा भुक्तानी भइसकेको छ। इन्जिनियर पाण्डेले सुरुको चार करोड ४० लाख बाट बिस्तारै घट्दै आउने र यता जति प्रतिशत काम भयो त्यसैको अनुपातमा भुक्तानी हुने भएकाले अहिले १२ करोड बढी भुक्तानी भएको जानकारी दिनुभयो । सडक कालोपत्रे सक्न अझै ६५ प्रतिशत काम बाँकी छ । असार मसान्त आउन नौ महिना मात्र छ। यो नौ महिनामा ६५ प्रतिशत काम सक्छ भन्ने आधार छैन । २०७८ साल असार तीन गते भएको सम्झौता अनुसार २०८२ असारमै काम सक्नु पर्ने छ । तर काम कछुवागतीमा भएकाले तोकिएको मितिमा काम सक्ने सम्भावना छैन ।

बाँकी ३ पेजमा...

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## विपत्तिले गर्दा यस पटकको दशै खल्लो बन्ने

गत हप्ता नेपालको पूर्वि तथा मध्य भाग सहित काठमान्डैं उपत्यकामा वर्षाले बाढी, पहिरो र डुवानको सन्त्रास मात्र ल्याएन सयौंको ज्यान लियो भने नीजि र सार्वजनिक गरी हाल सम्म गृह मन्त्रालयको प्रारम्भिक विवरण अनुसार पनि दुई खर्ब भन्दा बढीको भौतिक संरचनाहरुको क्षती भएको छ । सरकारका सम्बन्धित निकायहरु कमजोर देखिएका छन् । भौतिक पूर्वाधार मन्त्रालय र सडक विभागले क्षती भएका कयौ सडकहरु दशै अघि यातायात सञ्चालन गर्न सक्ने अवस्थामा निर्माण गर्न संभव नरहेको जनाएको छ । यस्तो अवस्थामा काठमान्डौंबाट दशैको लागि आ–आफ्नो घर जान धेरै नेपाली नागरिकहरुलाई सास्ती व्यहोर्नु पर्ने निशिचत छ । दशै अगाडि बिपी राजमार्ग र पृथ्बीराजमार्ग सुचारु गर्न सकिने अवस्था नरहेको भनेर भौतिक मन्त्रालयले नै भनिसकेको छ । सरकारी निकायहरु नै एक अर्कालाई देखाएर आफू पन्छिन खोजिरहेको जस्तो देखिन्छ । विपद् प्राधिकरण यस्तो विपत्तिमा पनि गृह मन्त्रालको छाँयामा परेर आफू रमिते मात्रै भएको बताइरहेको छ । अघिपछी पनि नेपालका राजमार्गहरु सडक यातायातका लागि जोखिमपूर्ण नै थिए र छन् । त्यसमा अझ यति बेला त भारी वर्षाले गर्दा बाढरी र पहिरोले अधिकांश राजमार्ग नै ध्वस्त बनाइदिएको अवस्था छ । हिन्दु नेपाली संस्कारमा वडा दशै हुनेखानेहरुका लागि मात्र होइन, दुखी गरिबहरुका लागि समेत महत्वपूर्ण मानिन्छ । वर्ष भरी घर छोडेर अनेत्र काम गर्न गएकाहरु दशैमा रमाउन र खुशी साटन सबै आफ्नो घर फर्किन्छन् । तर यस पटक दशैको मुखैमा आएको मौषमजन्य विपत्तिले गर्दा यनीहरुको घर फर्किने यात्रा सहज छैन । सास्ती पूर्ण छ । विपत्तिको दशै रमाइलो हुने छैन । सुखी नेपाली भन्ने नारा बिाम अर्थको हुने भयो । गराइबाट यस पटक सरकारी संयन्त्रहरुले शिक्षा लिनु पर्दछ ।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

# जलवायु परिवर्तनको असर





डा. अतीन्द्र दाहाल

जलवायु परिवर्तनले नेपाल जस्तो हिमाल तथा पहाड भएका मुलुकमा भयानक असर गर्छ भन्ने कुरा हालै आएको विपद्बाट प्रमाणित भएको छ । यो प्राकृतिक विपद्बाट २ सय ३० भन्दा बढीको ज्यान गएको छ । खर्बौंको धनजनको क्षति भएको छ । राजधानी काठमाडौंमै राज्यसंयन्त्रको कमजोर उपस्थिति देखियो । भोलिका दिनमा आजै ठूलो प्रकोप आउँदा के हामी सामना गर्न तयार छौं ? भन्ने प्रश्नसमेत खडा भएको छ । एक महिनाअघि कोटडाँडा, ललितपुरमा जलवायु परिवर्तन र लैंगिक न्याय विषयक तीनदिने आवासीय युवा शिविर आयोजना भयो । नेपालको ८० प्रतिशत जनसंख्या जलवायु सिर्जित समस्याबाट जोखिममा छन् भनिएको अवस्थामा जलवायु परिवर्तनले मानव अधिकारलाई पार्ने प्रभाव, अपनाउन सक्ने रणनीति र जलवायु न्यायको विषयमा गहन छलफल भएको थियो । यो लेख लेख्दै गर्दा दसैंको मुखमै बिचल्ली पार्नेगरी भएको प्रकोपले आजै झस्काएको छ । नेपालमा सोलुखुम्बुको थामे गाउँ नै बगाउने हिमपहिरो होस् या विगतमा मुस्ताङमा बाढी आउँदाको सन्दर्भ जलवायु परिवर्तनले हामी प्रताडित छौं र कुनै न कुनै रुपमा असर गरिरहेको देख्न र अनुभव गर्न सक्छौं । यस आलेखमा जलवायु परिवर्तन यसका प्रभाव र जलवायु तथा लैंगिक न्यायको कुराको सन्दर्भ उठाउन खोजेको छु । जलवायु परिवर्तनले हाल विश्वमा संकट निम्त्याएको पाइन्छ । पाकिस्तानमा दुई वर्षअघि आएको बाढीले हजारौंको ज्यान लिएको थियो भने तीन करोड जनसंख्यालाई प्रभावित गरेको थियो । विगतमा अमेरिकाको क्यालिफोर्निया तथा अस्ट्रेलियामा लागेको जंगलको आगलागी, युरोप र क्यानडामा बढेको गर्मी, दुबईमा आएको वर्षा र हालैको वर्षहरूमा नेपालमा घटेको विपद्जन्य घटनामा वृद्धिले नेपाललगायत संसारभरका मुलुक जोखिममा छन् भनेर इंगित गर्छन् । गत वर्ष संयुक्त राष्ट्रसंघको महासचिवले अब ग्लोबल वार्मिक होइन ग्लोबल बोइलिङको युग सुरु भयो भनेर चेतावनी दिएको थिए । जलवायु परिवर्तनले मानवको मानव भएकै आधारमा बाँच्न पाउने र कानुनद्वारा संरक्षण गरेको अतिआवश्यक, नैसर्गिक, अभिभाज्य र विनाविभेदपूर्ण पाउने मानव अधिकारलाई समेत खतरा पुऱ्याइरहेको छ । जलवायु परिवर्तनले मानव अधिकारमा समेत असर पर्छ । मानव अधिकार भनेको कुनै पनि जात, धर्म, लिंग, भाषा, क्षेत्र र भौगोलिक अवस्थाको व्यक्तिहरूले बिना भेदभाव पाउनुपर्ने अधिकार हो । मानव अधिकार को विश्वव्यापी घोषणापत्र १९४८ ले दिएका अधिकारदेखि, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक सांस्कृतिक अधिकार, महिलाको अधिकार, बालबालिकाको अधिकार र अपांगताको अधिकार सम्बन्धी सन्धि तथा महासन्धिमा उल्लेख गरिएका विभिन्न अधिकार मानव अधिकार हुन् । यी अधिकारलाई समेट्दै नेपालको संविधानमा विभिन्न ३१ वटा मौलिक हक अधिकारको व्यवस्था गरिएको छ । जलवायु परिवर्तनले धेरै अधिकारसँग सरोकार राख्छ । दुई वर्षअघिको नेपालका विभिन्न ठाउँमा भीषण आगलागी त कतै सवारीसाधन तथा उद्योगबाट निस्किएको धुवाँले वायु प्रदूषण हुँदा स्कुलकलेज नै झन्डै दुई हप्ता बन्द गर्नु परेको थियो । वायु प्रदूषणले स्वास्थ्यसम्बन्धी हक, सम्मानपूर्वक बाँच्न पाउने हक र स्वच्छ वातावरणमा बाँच्न पाउने हकबाट वञ्चित गर्छ । त्यसैगरी जलवायु परिवर्तनबाट सिर्जित बाढीपहिरो तथा हावाहुरीले समेत आवासको हक, शिक्षाको हक, बालबालिकाको हक, समानताको हक र सम्मानपूर्वक बाँच्न पाउने हकबाट मानिस वञ्चित हुन पुग्छ । प्रत्येक वर्ष आउने विपद्जन्य प्रकोपले लाखौंलाई त्रसित गरिरहेको हुन्छ । जलवायु परिवर्तन मानवद्वारा सिर्जित समस्या हुन् भनेर धारणा राख्दै गर्दा मानव अधिकारको कुरासमेत हेक्का राख्नु जरुरी छ । विश्व स्वास्थ संगठनका अनुसार विश्वको झन्डै आधा जनसंख्या जलवायु परिवर्तनको उच्च जोखिममा रहेका क्षेत्रमा बसोबास गर्छन् । नेचर जर्नलका अनुसार सन् २०२२ मा युरोपमा मात्र ६१ हजार व्यक्तिले अत्यधिक गर्मीका कारण ज्यान गुमाएका थिए । जलवायु परिवर्तनले सुक्खा याम बढ्ने, अतिवृष्टि र अनावृष्टि हुनु, समयमै उब्जनी नहुनु, किराहरू बढ्नु, कम अन्न उब्जनी हुनुलगायतको समस्याले खाद्यसम्बन्धी अधिकारबाट वञ्चित भएको छन् । एसियन विकास बैंकका अनुसार नेपालले सन् २०५० सम्म वार्षिक २ दशमलव २ प्रतिशत जीडीपीमा नोक्सानी हुने अनुमान गरेको छ । यसरी विकासको अधिकार साथै मानव अधिकारको सरोकारसमेत छन् । जलवायु परिवर्तनको कुरा गर्दै गर्दा के हामी जलवायु न्याय र लैंगिक मुद्दाहरूप्रति समेत गम्भीर छौं ? भन्ने प्रश्न आउन सक्छ । नेपालमा जलवायु परिवर्तनले विशेषतः महिला, बालबालिका, आधिवासी जनजाति, सिमान्तकृत, मधेसी तथा यौनिक तथा लैंगिक अल्पसंख्यक तथा श्रमिकलाई असर गर्न सक्ने प्रयाप्त सम्भावना छन् । विशेषतः ग्रामीण भेगको महिलालाई जलवायु परिवर्तनबाट सिर्जित समस्याबाट मुक्त हुन बढी समस्या हुन्छ । ग्रामीण भेगका महिलामा जलवायु परिवर्तनसँग सम्बन्धित सूचनामा पहुँचको कमीले विपद्को समयमा पुरुषको तुलनामा अधिक समस्या बेहोर्नु परेको छ । विपद्को समयमा भाषिक जटिलता तथा विविध कारणले महिलालगायत अन्य विभिन्न समुदायलाई असर गर्छ । खासगरी विकासोन्मुख मुलुकमा महिलाले जलवायु परिवर्तनका कारण विभिन्न समस्या झेल्नुपर्ने हुँदा अन्तर्राष्ट्रिय वार्ताहरू र सम्झौताहरूमा लैंगिक समानताका सरोकार अति आवश्यक देखिन्छन् । लैंगिक न्यायबिना जलवायु न्याय छैन भन्ने कुरा पछिल्लो समय उठ्दै गरेको छ । अन्त्यमा, नेपालमा ठूलो विपद् आए नराम्रोसँग धनजनको क्षति हुने सहजै अनुमान लगाउन सकिन्छ । त्यसैले हामी पूर्वतयारीमा गम्भीर हुनुपर्छ । हामीकहाँ जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन योजना, स्थानीय जलवायु अनुकूलन कार्य योजना (लापा ) र विपद् जोखिमको लागि राष्ट्रिय योजना न्यूनीकरण र व्यवस्थापन (सन् २०२१-३०) ले जलवायु परिवर्तन र लैंगिक न्यायको मुद्दालाई छोएका छन् । हामीले अबको दिनमा विपद् प्रतिकार्यमा गम्भीर हुने, नीतिहरू अक्षरक्षः पालना गर्ने, अन्तर्राष्ट्रिय सहयोगको लागि प्रमाणका साथ प्रस्तुत हुने र जलवायु कूटनीतितर्फ ध्यान दिनु cfjZos b]v G5 .

*–अन्नपूर्ण*

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# दलित संघको केन्द्रमा हुम्लाबाट चार जना मनोनीत






■ नमस्ते समचारदाता
हुम्ला, असोज/१७

नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल दलित संघको केन्द्रीय तदर्थ समितिको सदस्यमा जिल्ला सिमकोटबाट चार जना मनोनीत गरिएको छ। नेपाली कांग्रेसले बिहीबार तदर्थ समिति गठन गरेर निकालेको विज्ञप्तिमा चार जना हुम्लाबाट दलित संघको केन्द्रीय सदस्यमा मनोनीत भएका हुन्। नेपाली कांग्रेसले नेपाल दलित संघको केन्द्रीय तदर्थ समितिको सदस्यमा मनोनीत गरेको नाममा रुपसिंह सुनारको अन्य केन्द्रीय सदस्यमा मनोनीत हुनेमा वर्तमान दलित संघ हुम्लाको सचिव मेघराज परियार, रतन सुनार र जगत परियार छन्। हुम्लाबाट दलित संघको केन्द्रीय सदस्य हुनेमा चारै जना पहिलो ब्यक्ति हुन्। त्यसैगरी, कर्णाली प्रदेशबाट ४६ जनालाई तदर्थ समितिमा मनोनीत गरिएको छ। बिहीबार कांग्रेसले विश्वकर्माको अध्यक्षतामा २४० सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेको थियो।

## दुई...

त्यस्तै महिला सदस्यहरुमा अस्मिता के.सी. र प्रतिभा खड्का, खुला सदस्यहरुमा अंकित सिग्देल, एक बहादुर खड्का, कृष्ण बहादुर रानाभाट, खगेन्द्र बहादुर शाही, ढक बहादुर थारु, परिवर्तन विश्वकर्मा, भानुराज उपाध्याय, मोती प्रसाद सुवेदी, रवि कर्माचार्य, राजिव शर्मा तथा एशोशिएट सदस्यमा दिपक खनालको उम्मेद्वारी दर्ता भएको छ। बि.स. २०५५ सालमा विधिवत रुपमा संस्था दर्ता ऐन अनुसार कोहलपुर उद्योग ब्यापार संघको नामले दर्ता भई लामो समयसम्म यही नाममा यो संस्थाले यस क्षेत्रका ब्यापारीहरुको हक अधिकारको रुपमा काम गर्दै आयो। यसले कोहलपुरमा केही देखिने गरी सामाजिक कामहरु पनि विगतमा गऱ्यो। संस्थापक अध्यक्ष कर्ण बहादुर थापा देखि वर्तमान अध्यक्ष लक्ष्मण राज पौडेल सम्म आइपुग्दा ६ जना व्यवसायीले संघको नेतृत्व गरिसकेका छन्। नेपाल संघिय संरचनामा जाँदा यो संघ पनि केन्द्रीय वाणिज्य संघको आवद्द सदस्य भयो र केही वर्ष देखि उद्योग वाणिज्य संघको रुपमा सञ्चालनमा छ। पछिल्लो समयमा कोहलपुर उद्योग बाणिज्य संघ ब्यापारीहरुको हक अधिकार र सामाजिक उत्तरदायित्व बहन गर्ने सामाजिक संस्थाको रुपमा भँदा बढी राजनीतिक अकरमन्यतामा फस्यो भन्ने ब्यापारीहरुको पनि ठूलै जमात मायन्छ। अब आगामी आउने नेतृत्वले बपापारीहरुका गुनासाहरुलाई सम्बोधन र संस्थालाई मर्यादित सामाजिक संस्थाको रुपमा समाजमा विश्वास प्राप्त गर्ने गरी काम गर्नु पर्ने चुनौती पनि रहेको कुरा स्थानी ब्यापारीहरु नै बताउँछन्।










# हुम्लामा ३३ र ११ केभी सवस्टेशनको निर्माण सुरु

नमस्ते समचारदाता
हुम्ला, असोज/१७

हुम्लालाई राष्ट्रिय प्रशारण लाइनमा जोड्न सदरमुकाम सिमकोटमा हिल्दुम विद्युत् वितरण केन्द्रको ग्राउण्डमा सब स्टेशन निर्माण सुरु भएको हो । बिहीबार घटस्थापनको अवसर पारी सवस्टेशनको निर्माण कार्यको शिलान्यास गरिएको हो । जिल्लालाई ३३ र ११ केभी प्रशारण लाइन जोड्नका लागि आवश्यक पर्ने सवस्टेशन निर्माण सुरु भएको हिल्दुम विद्युत् वितरण केन्द्रका प्रमुख नारायणप्रसाद कर्णले बताए। उनले निर्माण कम्पनीले दुई वर्षमा सवस्टेशनको निर्माण पूरा गर्ने गरी विद्युत् प्राधिकरणसँग सम्झौता भएको बताए । यो काम सम्पन्न गर्न केआरवाईपिएस र जेटएलसिसि जेभी मैतीदेखि सेतो पुल छनौट भएको हो। सिमकोटका साथै हुम्ला जिल्लाकै अदानचुली गाउँपालिकाको



गल्फागाड तथा मुगु जिल्लाका लागि माङ्गी र सैनामा पनि सोही निर्माण कम्पनीले सवस्टेशन निर्माण गर्नेछ । त्यसैगरी, हुम्ला जिल्लालाई ३३ र ११ केभी प्रशासरण लाइन तान्ने कार्य पनि उक्त निर्माण कम्पनीले गर्नेछ । यसका लागि निर्माण कम्पनी र विद्युत् प्राधिकरणबित डेढ अर्ब रुपैयाँ लाग्ने गरी सम्झौता भएको छ।

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजिव सुवेदी (प्रिन्सिपल)
राज कुमार सुवेदी (प्रमुख कार्यकारी अधिकृत)
गोपाल प्रसाद अधिकारी (अध्यक्ष)
शिखा एकेडेमी
कोहलपुर-८, बाँके
समस्त परिवार

नेपालीहरुको महान पर्व विजया दशमी,
शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरूमा सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलामय शुभकामना
व्यक्त गर्दछौं ।
जय बहादुर विष्ट (प्रिन्सिपल)
कृष्ण कुमार आचार्य (विव्यस अध्यक्ष)
लक्ष्मी माध्यमिक विद्यालय
कोहलपुर-२, बाँके
समस्त परिवार

नेपालीहरुको महान पर्व विजया दशमी,
शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरूमा सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलामय शुभकामना
व्यक्त गर्दछौं ।
उमेश कुमार श्रेष्ठ (प्रिन्सिपल)
कुवेर बस्नेत (प्रबन्ध निर्देशक)
वेस्टर्न ई.मी. सेकेन्डरी स्कुल
कोहलपुर-५, बाँके
समस्त परिवार

व्यवसायिक संरक्षण र अधिकारको सुनिश्चिता
'व्यावसायिक एकता प्रगतिशिल प्यानलको प्रतिबद्धता'

कोहलपुर उद्योग बाणिज्य संघको २०८१ कार्तिक ३ गते हुने निर्वाचनका लागि प्रगतिशिल व्यावसायिक प्यानलको प्रतिबद्धता-पत्र २०८१

सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशको मुख्य द्वारको रुपमा रहेको बाँके जिल्लाको राजनीति, शिक्षा र व्यापारको केन्द्र कोहलपुर नगरपालिकामा रहेको कोहलपुर उद्योग बाणिज्य संघ प्रगतिशिलहरुले स्थापना गरेको व्यवसायीहरुको हक अधिकारको रक्षा र कार्यान्वयन गर्ने व्यापारी उद्योगीको एक मात्र संघ हो।

कोहलपुर उद्योग बाणिज्य संघ फेरि निर्वाचनको सम्मुखमा छ। प्रगतिशिल सोच र विचारका साथ स्थापना भएको कोहलपुर उद्योग बाणिज्य संघका संस्थापक श्रदेय श्री कर्ण बहादुर थापा, श्री नरेन्द्र प्रसाद शर्मा, श्री राजेन्द्र श्रेष्ठ, श्री चिन्तामणि धिताल, श्रीचक्र बहादुर अधिकारी र हालका अध्यक्ष श्री लक्ष्मण पौडेल प्रति कृतज्ञता व्यक्त गर्दै उहाँहरुमा यो प्रगतिशिल व्यावसायिक प्यानल सम्मान व्यक्त गर्दछ।

कोहलपुर उद्योग बाणिज्य संघका संस्थापक पदाधिकारी, सदस्यहरुले देख्नु भएका सपनाहरु र लक्ष्य उद्देश्य लाई मार्ग निर्देशन विचारका रुपमा लिदैं अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं। कोहलपुरका नगर सरकार, वडा सरकार र सरोकारवाला निकाय र कार्यालय सँगको समन्वय र सहकार्यमा यस संघमा आवद्ध उद्योगी व्यापारीको हक अधिकारको लागि निरन्तर नेतृत्व गरिरहने वाचा गर्दै उद्योगी व्यापारीहरुको सशक्तिकरणका लागि अहोरात्र खट्ने प्रतिबद्धता व्यक्त गर्दछौं। आदरणिय उद्योगी व्यापारी ज्युहरु मत दिनुस, मतको सदुपयोग गर्नेछौं, सधै सम्मान गर्नेछौं।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M(*$&@$^()# OljhM namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके